# निवेदनको ढाँचा

सार्वजनिक निकायमा तपाईले दिएको निदेदनमाथि कारवाही गर्न ढिलो भयो भने तपाईको यसरी सुचना माग्न सक्नुहुन्छः

श्री सूचना अधिकारी,
सहकारी तथा गरिवी निवारण मन्त्रालय

विषयः- सूचनाको हकसम्बन्धी ऐन,२०६४ अन्तर्गत सूचनाको माग।

मैले त्यस कार्यालय/विभागमा मिति............. मा ........ विषयमा/कामका लागि निवेदन दिएको थिएँ। मेरो सो निवेदनमाथि अहिलेसम्म सन्तोषजनक कारवाही नभएको हुँदा कृपया मलाई निम्नलिखित सूचना उपलब्ध गराई दिनु अनुरोध छ ।

१. मेरो निवेदनमाथि अहिलेसम्म के के कारवाही भयो ? कुन मितिमा के गरियो ?
२. मेरो निवेदन कुन कर्मचारी वा पदाधिकारी कहाँ पुग्यो ? कुन पदाधिकारीको जिम्मा कति दिनसम्म मेरो निवेदन रह्यो ? सम्बन्धीत पदाधिकारीहरुले मेरो निवेदनमाथी के कारवाही गरे ? ती सबै पदाधिकारीहरुको नाम,पद र फोन नम्बरको जानकारी दिनुहोला ।
३. तपाईको कार्यालय,विभाग,निकायको नियम,निर्देशिका वा नागरिक वडापत्रअनुसार मेरो निवेदनमाथि कति समयभित्र कारवाही हुनुपर्छ ? त्यो नियम,निर्देशिकाको नक्कल प्रति उपलब्ध गराइदिनु होला ।
४. उक्त नियम,निर्देशिका पालना नगर्ने पदाधिकारीमाथि आफ्नो पदीय दायित्व पूरा नगरेकोमा कारवाही हुने व्यवस्था छ कि छैन ? मेरो निवेदनको सम्बन्धमा नियम,निर्देशनको उल्लङ्घन भएको छ कि छैन ? भएको छ भने कुन र निर्देशनअनुसार कस्तो कारवाही हुन्छ, त्यो निर्णय पाँउ ।
५. सम्बन्धित पदाधिकारीहरुले दायित्व पुरा नगर्नाले शारीरिक र मानसिक पीडा भोग्नु परेको छ । यो पीडाको लागि सम्बन्धित पदाधिकारी जिम्मेवारी छ कि छैन र छ भने त्यसका लागि दण्ड सजायको कानुनी के व्यवस्था छ त्यो कानूनको बारेमा जानकारी पाँउ ?
६. मेरो निवेदनमाथि कहिलेसम्म कारवाही हुन्छ र मेरो माग /समस्या कहिले पुरा /समाधान हुन्छ ? माथि माग गरिएको सुचना पाँउ ।

निवेदक:-

(निवेदकको सही):-

निवेदकको नाम,ठेगाना,फोन नम्बर:-
मिति:-